

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पाटी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २३ गते मंगलबार ❑ 7 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरामा फागुपूर्णिमाको हर्षोल्लास, पर्यटकसमेत रमाए

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन



देशकै प्रमुख पर्यटकीय गन्तव्य पोखरामा रङ्गको माध्यमबाट एकापसमा खुसी साटासाट गर्ने पर्व फागुपूर्णिमा सोमबार हर्षोल्लासका साथ मनाइएको छ ।

पोखरा बजारसहित पर्यटकीय गन्तव्य लेकसाइड क्षेत्रमा स्वदेशीसहित विदेशी पर्यटकले समेत एकापसमा विभिन्न रङ्ग तथा अबिर दलेर होलीमा रमाएका छन् ।

पोखरा घुम्न आएका पर्यटकले एकापसमा रङ्ग दलेर शुभकामना आदानप्रदान गरी होली मनाएका हुन् । पोखरामा विभिन्न सङ्घसंस्थाले समेत सामूहिक होली मनाएका छन् । नेपाल पत्रकार महासङ्घ कास्की शाखाले महासङ्घको भवनमा होली मिलन कार्यक्रम गरेको थियो । सञ्चारकर्मीहरूले रङ्ग दलेर शुभकामना आदानप्रदान गरी होली मनाएका छन् । पोखराको पृथ्वीनारायण क्याम्पसमा विभिन्न विद्यार्थी सङ्गठनले समेत सामूहिक होली मनाए । पर्यटकीय क्षेत्र लेकसाइडको हल्लनचोकदेखि डिहीकोपाटनसम्मको तीन किमी क्षेत्रमा पर्यटकले रङ्ग लगाउँदै र नाच्दै गाउँदै होलीको रमाइलो गरे । फेवाताल किनारमा समेत होली मनाउनेहरूको सङ्ख्या उत्तिकै थियो । पर्यटकहरू 'ह्याप्पी होली' भन्दै रङ्ग लगाएर खुसी साटासाट गरिरहेका थिए । आन्तरिक पर्यटकसहित भारतीय र तेस्रो मुलुकबाट घुम्न आएका पर्यटकहरू होलीमा सहभागी भएका हुन् ।

फागुपूर्णिमाका अवसरमा रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले होली महोत्सवको आयोजना गरेको थियो । महोत्सवमा विभिन्न साङ्गीतिक कार्यक्रम आयोजना गरिएको थियो । पर्यटकहरू महोत्सवमा रमाएका थिए । स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सहभागी गराई नेपालको संस्कृति र पर्वका बारेमा जानकारी गराउँदै एकापसमा मित्रता र सद्भाव साटासाट गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको रेवान पोखराका महासचिव विकास भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, "आन्तरिक तथा बाह्य पर्यटकलाई सामूहिक होली मनाउने अवसर प्रदान गर्न महोत्सव आयोजना गरेका हौँ । यसले पोखराको पर्यटन प्रवर्द्धनमा समेत मद्दत पुगेको छ ।" पर्वका अवसरमा घट्न सक्ने घट्नालाई दृष्टिगत गरी बिहानदेखि पोखराको सुरक्षा व्यवस्था कडा पारिएको थियो । प्रहरीले बजारका विभिन्न क्षेत्रमा जाँच गरी अवाञ्छित क्रियाकलाप हुन नदिन सतर्कता बढाएको थियो । पर्व मनाउने नाममा व्यक्तिको इच्छा विपरीत जथाभावी रङ्ग दल्ने, लोला हान्ने, सार्वजनिक स्थानमा होहल्ला गर्ने लगायतका कार्यलाई नियन्त्रण गरिएको प्रहरीले जनाएको छ । असत्यमाथि सत्यको विजयको प्रतीक, पारिवारिक एवं सामाजिक एकताको पर्वका रूपमा देशभर होली पर्व मनाउने प्रचलन छ । होलीमा एकापसमा रङ्ग दलेर पर्व मनाउने गरिन्छ । तराईमा भने भोलि हर्षोल्लासका साथ होली मनाउने गरिन्छ ।

## 'स्वदेशी हस्तकला सामानको प्रयोग गरौँ'

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

'स्वदेशी हस्तकला सामानको प्रयोग गरौँ, स्वरोजगार सिर्जना गरौँ, वातावरण जोगाऔँ' भन्ने नाराका साथ हस्तकला मेला आयोजना हुने भएको छ ।

महिला सीप विकास संस्थाद्वारा यही फागुन २४ गते अन्तराष्ट्रिय नारी दिवसका अवसरमा पोखरा सभागृहमा सो मेला आयोजना हुन लागेको हो ।

संस्थाका अध्यक्ष देवी गुरुङले आफ्नो संस्थालेहस्तकलाका माध्यमबाट महिला सशक्तिकरणमा विशेष योगदान पुऱ्याउँदै आएको बताउनुभयो ।उहाँका अनुसार उक्त प्रदर्शनी मेलामा संस्थाबाट उत्पादित विभिन्न सामग्री राखिने छन् । सो संस्थाले हालसम्म करिब २१ हजार महिलालाई तालिम प्रदान गरिसकेको र हाल तीन सय ५० महिला उद्यमी आवद्ध रहेको कार्यकारी निर्देशक रामकली खड्काले जानकारी दिनुभयो । वि.सं २०३२ मा स्थापना भएको सो संस्थाले विशेष गरी आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, एकल र द्वन्द्वपीडित महिलालाई सीपमूलक तालिम प्रदान गर्दै स्वरोजगार बनाउँदै आएको छ । संस्थाले विभिन्न सङ्घ संस्थासँग सहकार्य गर्दै तालिम र आयमूलक कार्यक्रमलाई जोड दिँदै आएको उहाँले बताउनुभयो । संस्थाको पोखरा ८ सिमलचौरमा करिब तीन रोपनी भाडाको जग्गामा मुख्य कार्यालय सञ्चालित छ । भने पोखरा १३ बाँझपाटन, पोखरा १९ माथिल्लो लामाचौर, पोखरा २७ रिठेपानि र पोखरा ३० गगनगौडामा फिल्ड कार्यालय सञ्चालित रहेका छन् । निर्देशक खड्का अनुसार संस्थाले काँचो धागो खरिद गरी आफैं 'नेचुरल तथा केमिकल डाइङ' गरी सिकाइ हाते तान बुनाइ पश्चात विभिन्न प्रकारको झोला, पर्स, गुडिया र घर कोठा सजावटका सामान उत्पादन गर्दछ । स्थानीय कच्चापदार्थ, अल्लो, मकैको खोष्टाबाट फूल, गुडिया लगायतका अनेकौं सामान उत्पादन गर्दछ । उत्पादनको ८० प्रतिशत विदेशी बजारमा निर्यात गर्दछ भने २० प्रतिशत सामान पोखरा तथा पर्यटकीय क्षेत्रमा विभिन्न सोरुमबाट बिक्रीवितरण हुने गरेको छ । संस्थाले हस्तकला सामान निर्यात गरी विदेशी मुद्रा भित्र्याइ देशको अर्थतन्त्रमा योगदान पुऱ्याएको निर्देशक खड्काले बताउनुभयो । संस्थाका उत्पादन खासगरी अमेरिका, जर्मनी, इटली, कोरिया, क्यानडा, अष्ट्रेलिया, जापानलगायत विभिन्न देशमा अधिक निर्यात हुने गरेको र संस्थालाई सरकार तथा अन्य विदेशी सङ्घ संस्थाबाट कुनै प्रकारका सहयोग प्राप्त नभएको उहाँको भनाइ छ ।

विगतमा यस संस्थामा विभिन्न अन्तर्राष्ट्रिय निकाय भीएसओ, पीआईसीईई, सिओआरई, कोइका, जाइका र सिईसीआइका स्वयंसेवकले सेवा प्रदान गरेका छन् । संस्थाले आफ्नो शाखा कार्यालय पोखरा २७ मा शिशु स्याहार केन्द्र पनि सञ्चालन गरेको छ । संस्थामा आवद्ध महिलाका छोराछोरीलाई शिक्षा आर्जनका लागि समय समयमा नगद तथा जिन्सी, छात्रवृत्ति प्रदान गर्दै प्रोत्साहन गर्ने गरिएको छ । साथै महिलालाई स्वास्थ्यसम्बन्धी विभिन्न प्रकारका चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।

## औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

प्रदेश गौरवका आयोजनाका रुपमा रहेका यहाँका दुई औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ । जग्गा व्यवस्थापनमा ढिलाइ हुँदा अलपत्र औद्योगिक क्षेत्र निर्माणको कामले अब गति लिने भएको छ ।

गण्डकी प्रदेश सरकारले पाँच वर्षअघि कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको थियो । समयमै जग्गाको टुङ्गो नलाग्दा दुवै आयोजना अन्योलमा परेका थिए । अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणका लागि सरकारले बर्सेनि बजेट विनियोजित बजेट समेत खर्च हुन सकेको थिएन । औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब सङ्घीय सरकारबाट भोगाधिकार लिन मात्र बाँकी रहेको जनाइएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी जग्गा प्राप्तिको प्रस्ताव सङ्घमा पठाएको छ । सरकारी जग्गाको भोगाधिकार दिने निर्णय सङ्घ सरकारको मन्त्रिपरिषद्ले गर्नुपर्छ । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहा खोलामा एक सय ४१ बिघामा औद्योगिक क्षेत्र निर्माण हुने बताउनुभयो । पुँडीटार औद्योगिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रपति निर्वाचनबारे सांसदलाई एमालेको अभिमुखीकरण

**रासस**
काठमाडौँ, २२ फागुन

नेकपा (एमाले) ले राष्ट्रपति निर्वाचनबारे आफ्ना सांसदलाई अभिमुखीकरण गराएको छ ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा एमालेले प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सांसदलाई अभिमुखीकरण गराएको हो ।

अभिमुखीकरण कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले एमालेका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बन्नुभएका सुवासचन्द्र नेम्वाङलाई जिताउन पार्टीले लिएको रणनीति, विपक्षी पार्टीका मतदाता तान्ने रणनीति र वर्तमान राजनीतिक अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले राष्ट्रपतिको निर्वाचनमा एमालेका तर्फबाट उम्मेदवार बन्नुभएका सुवासचन्द्र नेम्वाङको जित सुनिश्चित भएको बताउनुभयो । उहाँले लोकतन्त्रको रक्षा गर्नका लागि सबै राजनीतिक दलसँग एमालेले सहकार्य गर्ने बताउनुभयो । राष्ट्रपतिका उम्मेदवार नेम्वाङले आफूलाई राष्ट्रपतिमा निर्वाचित भए पनि पहिलो दायित्व संविधानको रक्षा गर्ने बताउनुभयो । अभिमुखीकरण कार्यक्रममा उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिवद्वय गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, टोपबहादुर रायमाझी लगायतको नेताहरूको सहभागी थियो । एमालेले राष्ट्रपतिमा नेम्वाङलाई उम्मेदवार बनाएको छ भने नेपाली काँग्रेसले वरिष्ठ नेता रामचन्द्र पौडेललाई उम्मेदवार बनाएको छ ।

## कतारकी राजकुमारी म्याग्दीमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ फागुन



कतारकी राजकुमारी आश्मा अल्थानी अन्नपूर्ण प्रथम हिमाल आरोहणका लागि सोमबार म्याग्दी आउनुभएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल अन्नपूर्ण गाउँपालिका-४ मा अवस्थित छ । इलाईट ट्रेकिङ कम्पनीमार्फत उहाँ अन्नपूर्ण हिमाल आरोहण गर्न आउनुभएको हो ।

काठमाडौंबाट अल्थानीको आरोहण टोलीका सदस्य सिम्रिक एयरको हेलिकप्टरमार्फत अन्नपूर्ण -३ दानामा आउनुभएको छ । आठ हजार मिटर अग्ला विश्वका १४ हिमाल आरोहण गरेर कीर्तिमान बनाउनुभएका निर्मल पुर्जा (निम्स) अल्थानीको आरोहण टोलीको नेतृत्व गर्नुभएको छ ।

"हाम्रो आरोहरण टोलीको दुई जना सदस्य पोखराबाट सडक मार्ग भएर आउँदै हुनुहुन्छ । राजकुमारी र म दुई दिन मेरो जन्मथलो दानामा रहनेछौं," पुर्जाले भन्नुभयो "बन्दोबन्दीका सामग्रीहरु हेलिकप्टरमार्फत अन्नपूर्ण आधार शिविर पुगिसकेको छ । त्यहाँ पुगेका हाम्रा सहयोगीले तयारी थालिसकेका छन् ।" यही मार्च महिनामा अन्नपूर्ण आरोहण गर्ने टोलीको लक्ष्य छ । राजकुमारी अल्थानीले यसअघि सगरमाथा, धौलागिरी, कञ्चनजङ्गा, लोहोत्से, आमादब्लम, मनास्लु, केटु लगायतका हिमालको आरोहण गरिसक्नुभएको छ । कीर्तिमानी आरोही पुर्जा र राजकुमारी अल्थानीलाई दानाका जनप्रतिनिधि र बासिन्दाले भव्य स्वागत गरेका छन् । नागरिक अभिनन्दन र बाजागाजासहित गाउँ परिक्रमा गराएर सम्मानपत्र प्रदान गरेको अन्नपूर्ण-३ का वडा अध्यक्ष रमेश पुर्जाले बताउनुभयो । "दाना, म्याग्दी र नेपाललाई विश्वमा चिनाउन योगदान गर्नुभएको हुँदा निर्मल पुर्जालाई सम्मान गरेका हौं," उहाँले भन्नुभयो "निर्मल विश्वकै साहसिक युवा हो ।"

दानाका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले कतारी राजकुमारीको दाना भ्रमण र अन्नपूर्ण हिमाल आरोहणका लागि भएको आगमनले यस क्षेत्रको पर्यटन विकासमा सहयोग पुग्ने बताउनुभयो । ओफेलमा परेको म्याग्दीको अन्नपूर्ण आधारशिविरको प्रचारप्रसारमा सहयोग पुग्ने उहाँको भनाइ छ ।

सन् १९५० को जुन ३ मा फ्रान्सेली नागरिक मौरिज हर्जोजले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको चुचुरोमा पहिलो पटक पाइला टेक्नुभएको थियो ।

अन्नपूर्ण आठ हजार मिटर भन्दा अग्लो पहिलो पटक आरोहण भएको हिमाल हो । नारच्याङका अगुवाहरूले २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमापर्ने तथ्यसहित मिस्त्री खोलाको किनारै-किनारै आधार शिविर जोड्ने पदमार्ग पहिचान गरेका थिए । फराकिलो फाँट भएकाले दुर्घटनाको कम जोखिम भएको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिने यो पदमार्ग सबैभन्दा छोटो, रमणीय र सुरक्षित मानिएको छ । समुद्री सतहदेखि चार हजार पाँच सय मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्ययुक्त दृष्य रमणीय र मनमोहक छ । पदयात्राका क्रममा हिमाल, अग्ला पहाडबाट खसेका झरना, हिमताल र विभिन्न वनस्पति, फूल, चराचुरुङ्गी, वन्यजन्तुको पनि अवलोकन गर्न सकिन्छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# शितल ज्योति कपमा विटी, रत्न, शितलज्योती, मिलनटोल,केआइसीवुन र एलजी एकता अघिल्लो चरणमा

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

शितल्ज्योती युवा क्लब पोखरा–१२ को आयोजनामा पोखरामा जारी तेस्रो संस्करणको 'शितलज्योति कप सेभेन ए साइड फुटबल' प्रतियोगिता अन्तर्गत सोमबार छ खेल सम्पन्न भएका छन् ।



यही फागुन २० गतेदेखि अमर सिँहचौरमा सञ्चालन भइरहेको प्रतियोगितामा सोमबारको पहिलो खेलमा विटी क्लबले डेभिज फ्ल्स क्लबलाई २–१ गोलले पराजित गरी अघिल्लो चरणमा स्थान बनाएको छ । विटीले खेलको पहिलो हाफमा १ र दोस्रो हाफमा एक गरी दुई गोल गरेको थियो । संगम दर्जीले खेलको १३ औँ मिनेटमा गोल गरी अग्रता बनाएकामा दोस्रो हाफको २६ औँ मिनेटमा अनिल घर्तीले गोल गरी अग्रता दोब्बर बनाए । डेभिजफल्सका लागि अशोक खत्रीले ३२ औँ मिनेटमा सान्त्वना गोल फर्काए । त्यसैगरी सोमबारकै अर्को खेलमा रत्न समाजले आदर्श युथ क्लब भण्डारढिक माथि २–० को जित निकालेको छ । रत्नका विनय तामाङले पहिलो हाफको इन्ज्यरी समयको दोस्रो मिनेट र सिमोन तामाङले खेलको ३३ औँ मिनेटमा गोल गरेका थिए ।

यसैगरी शितलज्योती ए र एनएसजेएफ गण्डकीबीचको खेलको नियमित समयमा दुबै टोलीबाट कुनै पनि गोल नहुँदा खेल टाइब्रेकरमा पुगेको थियो । पेनाल्टी सुटआउटमा शितलज्योती ३–१ गोलले विजयी हुँदै अघिल्लो चरणमा स्थान सुरक्षित गर्न सफल भयो । यसैगरी ढुँगेसाँघु एएसि र मिलनटोलबीचको खेलमा मिलनटोल विजयी भएको छ । पहिलो हाफको छैटौं मिनेटमा ढुँगेसाँघुका मिलन नेपालीले गोल गरी खेलमा अग्रता बनाएकामा खेलका ३१ औँ मिनेटमा मिलनटोलका मनिक गुरुङले गोल गर्दै खेल बराबरीमा ल्याए । टाइब्रेकरमा मिलनटोल ३–१ गोलले विजयी भएको छ । बारपाक एफसी र केआइइसीबुन एफसीबीचको खेलमा केआइइसीबुन ४–० को फराकिलो अन्तरले विजयी भएको छ । केआइसीबुनका विशालन सुनासर, मिलन गुरुङ, रोशन नेपालीले गोल गर्दा एक गोल उपहार पाएको थियो ।

सोमबारको अन्तिम खेल गन्नी एफसी र एलजी एकताबीचम हुने तय भएकामा गन्नी एफसीले खेलमा सहभागिता नजनाएपछि एलजी वाकओभर पाउँदै सिधै अघिल्लो चरणमा प्रवेश गर्न सफल भएको प्रतियोगिताका रेफ्री सौरव गुरुङले जानकारी दिए ।

फागुन २७ सम्म चल्ने प्रतियोगितामा २९ टिमको सहभागिता रहेको छ । प्रतियोगिताका बिजेताले १ लाख ५५ हजार ५ सय ५५, उपविजेताले ८५ हजार ५ सय ५५ रुपैयाको साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिता संयोजक सन्तोष गुरुङले जानकारी दिए । यसैगरी प्रतियोगितामा सेमिफाइनलमा प्रबेश गर्ने टिमले १० हजार पुरस्कार पाउनेछन् भने उत्कृष्ट खेलाडीलाई माउण्टेन वाइक पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजारको साथमा ट्रफी पुरस्कार पाउनेछन् ।

# तनहुँमा विकास बजेट कार्यान्वयनको अवस्था कमजोर

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

सङ्घीय र प्रदेश सरकारमार्फत तनहुँका लागि विनियोजित विकास बजेट खर्च न्यून रहेको छ । चालु आर्थिक वर्ष २०७९/८० का लागि यहाँ विनियोजित विकास बजेट खर्च न्यून देखिएको हो ।

सङ्घीय सरकारमार्फत विनियोजित विकास बजेटमध्ये चालु वर्षको हालसम्मको अवधिमा आठ दशमलव ६९ प्रतिशत मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ । प्रदेश सरकारमार्फत विनियोजित बजेटमध्ये सोही अवधिमा १३ दशमलव ३१ प्रतिशत खर्च भएको कार्यालयले जनाएको छ । "योजना छनोट गरेर लागू गरेपछि बोलपत्र प्रक्रिया हुन्छ । बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्दा केही समय लाग्ने भएकाले सुरुका महिनामा काममा ढिला हुने गरेका खर्च पनि कम देखिएको हो", कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो । आवको अन्तिममा धेरै बजेट खर्च हुने गरेको उहाँको भनाइ छ ।

सङ्घीय सरकारमार्फत तनहुँका लागि पुँजीगततर्फ रू तीन अर्ब १५ करोड ७२ लाख ६० हजार तीन सय ९० विनियोजन भएको थियो । छ महिनाको अवधिमा रू २७ करोड ४३ लाख ७२ हजार एक सय ७५ खर्च भएको छ । आन्तरिक राजस्व कार्यालयका लागि पुँजीगततर्फ रू तीन करोड ३८ लाख ६५ हजार विनियोजन भएकामा रू ८४ लाख तीन हजार एक सय ३८ खर्च भएको छ । राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रमका लागि रू दुई करोड २६ लाख ५० हजार विनियोजन भएकामा रू २५ लाख १८ हजार एक सय ७४ खर्च भएको छ ।

त्यस्तै भानुभक्त प्राणी उद्यानका लागि रू एक करोड ३५ लाख ४० हजार विनियोजन भएकामा रू ५० हजार खर्च भएको छ । सडक डिभिजन कार्यालयका लागि रू ६० करोड ९१ लाख विनियोजन भएकामा रू आठ करोड ५४ लाख ६८ हजार चार सय ६० विनियोजन भएको छ । मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का लागि रू दुई अर्ब नौ करोड ९९ लाख ६८ हजार विनियोजन भएकामा रू १३ करोड चार लाख ८२ हजार आठ सय ६७ खर्च भएको छ । नयाँ सहर आयोजना कार्यालयका लागि रू २६ करोड १५ लाख विनियोजन भएकामा रू ५४ लाख ३८ हजार पाँच सय २२ खर्च भएको छ ।

# होलीको रङ जस्तै समाज पनि विविधतापूर्ण छ : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले होलीमा खेलिने विविध रङ जस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिकरुपमा विविधतापूर्ण रहेको बताउनुभएको छ ।

फागुपूर्णिमा (होली) का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले भन्नुभयो, "यही विविधताबीचको एकता नै हामी नेपालीको पहिचान र सामर्थ्य बनेको छ । सम्पूर्ण नेपालीबीच आपसी प्रेम, सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन फागुपूर्णिमा (होली) पर्वले योगदान पुऱ्याउने विश्स मैले लिएको छु ।" वसन्त ऋतुका अनेक रङ प्रतिविम्बित गर्ने पर्वका रूपमा प्रत्येक वर्ष फाल्गुण शुक्ल पूर्णिमाको दिन हिमाली, पहाडी तथा भित्री मधेसका जिल्लामा र त्यसको भोलिपल्ट तराईका जिल्लामा विभिन्न रङ तथा अबिर खेल्दै खुशियालीपूर्वक फागुपूर्णिमा (होली) मनाउने परम्परा रहेको सन्देशमा उल्लेख छ । पर्वले सबै नेपालीमा खुसीका रङ छर्दै मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न प्रेरणा मिलोस् भन्दै उहाँले शुभकामना व्यक्त गर्नुभएको छ । यसैगरी गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले रङहरूको पर्व फागुपूर्णिमा तथा थकाली समुदायको महान् पर्व तोरन्लहको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ । उहाँले यी पर्वले नेपाली समाजलाई एक सूत्रमा बाँध्दै आपसी सद्भाव, सहिष्णुता, प्रेम र भाइचाराको अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

"यस वर्षको फागुपूर्णिमा (होली पर्व) तथा तोरन्लह पर्वले नयाँ उमङ्ग एवं हर्षोल्लास प्रदान गरोस् र सबै नेपालीबीचको एकता, सद्भाव र सहिष्णुतालाई अक्षुण्ण राख्ने उत्प्रेरणा हामी सबैमा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु", सन्देशमा भनिएको छ । नेपालका विभिन्न जात-जातिका आ-आफ्ना मौलिक जातीय, भाषिक, सांस्कृतिक र धार्मिक परम्परा राष्ट्रिय पहिचान भएको सन्देशमा उल्लेख छ ।

# ऋषिराम रानाभाट स्मृति सम्मान घायलश्री र गिरीलाई

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

सङ्घर्षमा कलम साहित्य समाजले हरेक वर्ष अर्पण गर्दै आएको ऋषिराम रानाभाट स्मृति सम्मान २०७८ म्याग्दीका घायलश्री र २०७९ कास्कीकी सावित्री गिरीलाई अर्पण गर्ने भएको छ ।

२०६७ सालदेखि नेपाली वाङ्मयका क्षेत्रमा क्रियाशील स्रष्टालाई अर्पण गरिँदै आएको यस सम्मानबाट स्याङ्जाका दुर्गाबहादुर शाह बाबा, मिलन समिर, पर्वतकी सरस्वती शर्मा जिज्ञासु, लमजुङका एन. जे. सागर शाह, कास्कीकी अम्बिका भण्डारी, गुल्मीका कृष्ण अञ्जान ज्ञवाली र मुस्ताङका सुशील थकाली अनुरागी यस अगाडि सम्मानित भइसकेका छन् । सम्मानको राशि नगद ५ हजार पाँच, सम्मानपत्र र दोसल्ला रहेको छ । कोरोना महामारीका कारण अघिल्लो वर्ष सम्मान अर्पण गर्ने वातावरण नभएपछि समाजद्वारा सञ्चालित बाबा साहित्य साधक सम्मान र ऋषिराम रानाभाट स्मृति सम्मान कोषको ब्याज रकमबाट समाजले राष्ट्रिय अनलाइन कविता प्रतियोगिता सञ्चालन गरेको थियो । प्रतियोगितामा सुनसरीका किरण चौलागाई शून्यानन्दले प्रथम स्थान हासिल गर्दै ११ हजार एक सय ११ पुरस्कार हात पारेका थिए । यस्तै तेह्रथुमका बद्री श्रेष्ठ याक्चा द्वितीय भई ५ हजार ५ सय ५५ प्राप्त गर्न सफल भएका थिए भने पर्वतका श्रीकृष्ण शर्मा र कास्कीकी दिक्षा अधिकारी तृतीय हुँदै ३ हजार, ३ सय ३३ नगदसहितको पुरस्कार प्राप्त गरेका थिए । प्रतियोगितामा प्रथम, द्वितीय हुन सफल कविको पुरस्कार रकम बैंक खातामा दाखिला भएको र तृतीय हुनु हुने शर्मा र अधिकारीलाई उक्त पुरस्कार सोही सम्मान समारोहबीच पुरस्कार अर्पण गरिने जनाइएको छ ।

यस पटक सम्मानित हुन लागेका घायलश्री कविता, कथा लेखनमा क्रियाशील साहित्यिक अभियन्ता र सञ्चारकर्मी हुन् । उनको पूर्वी निकै चर्चित कथासंग्रह रहेको छ । यस्तै गिरी गजलकार तथा चर्चित लोकदोहोरी गायिका हुन् । उनको चञ्चले मन कौरा गीत, मनको छाललगायतका गीत तथा गजल कृति बजारमा आएका छन् । समाजले पुतलीबजार-७ स्याङ्जामा जन्मेका ऋषिराम रानाभाटको स्मृतिमा परिवारद्वारा स्थापित ऋषिराम रानाभाट स्मृति सम्मान र कवि तथा गीतकार दुर्गाबहादुर शाह बाबाद्वारा स्थापित बाबा साहित्य साधक सम्मान अर्पण, सङ्घर्षमा कलम मुखपत्र प्रकाशनका साथै विविध वाङ्मयिक अनुष्ठान सञ्चालन गर्दै आएको संस्थाका सदस्य सचिव असफल गौतमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# युएईमाथि नेपालको जित

रासस
काठमाडौं, २२ फागुन

आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृङ्खलामा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई पराजित गरेको छ ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा आज भएको खेलमा नेपाल युएईलाई ४२ रनले पराजित गर्दै विजयी भएको हो । नेपालले युएईलाई जितका लागि २३० रनको लक्ष्य दिएको थियो । जवाफमा युएई ४५ ओभरमा सबै विकेट गुमाउँदै १८७ रनमा सीमित बन्यो । युएईका लागि ओपनर मुहम्मद वासिम शून्य रनमा आउट भएका थिए भने अर्का ओपनर आसिफ खानले ८२ रनको योगदान दिए ।

त्यसैगरी आर्यन लाक्राले ५० रन जोडे भने वृत्य अरविन्दले १३ रन बनाए । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । युएईलाई १८७ रनमा समेट्ने क्रममा नेपालका दीपेन्द्र सिंह ऐरी र सोमपाल कामीले समान ३/३ विकेट झारे भने आरिफ शेख, करण केसी र सन्दीप लामिछानेले समान १/१ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २२९ रनको योगफल बनाएको थियो । नेपालका लागि भीम सार्कीले सर्वाधिक ७० रनको योगदान दिए । आरिफ शेखले अविजित ४३ रन बनाउँदा कुशल मल्ल ३२ रनमा आउट भए । त्यस्तै सन्दीप लामिछानेले २७ तथा करण केसीले १७ रन बनाए । युएईका लागि जुनेद सिद्धिकीले ३ विकेट लिए भने आर्यन लाक्रा र रोहन मुस्ताफाले समान २/२ विकेट लिए । यस खेलसँगै नेपाल ३२ खेलमा १५ मा जित र १५ मा हारसहित ३२ अङ्कका साथ अङ्क तालिकाको पाँचौं स्थानमा उक्लेको छ ।

## औद्योगिक...

क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ भने लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो ।

महाशाखा प्रमुख आचार्यले औद्योगिकक्षेत्रकोविस्तृतपरियोजना प्रतिवेदन (डिपिआर) निर्माणको काम भइरहेको बताउनुभयो । "आयोजनाको डिपिआर यसै वर्ष टुङ्गिन्छ, वातावरणीय प्रभाव मूल्याङ्कनपछि अर्को वर्षबाट पूर्वाधारको काम सुरु हुन्छ", उहाँले भन्नुभयो ।

पुँडीटारमा अव्यवस्थित बसोबास भए पनि पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइने मन्त्रालयले जनाएको छ । प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । "जग्गाको नापजाँच, स्रेस्ता कायमलगायतको काम भइसकेको छ, अब सङ्घ सरकारको मन्त्रिपरिषद्बाट जग्गाको स्वीकृत प्राप्त हुन बाँकी छ", उहाँले भन्नुभयो।

पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले जग्गा व्यवस्थापनले औद्योगिक क्षेत्र स्थापनामा आशा जगाएको बताउनुभयो । उहाँले अव्यवस्थित बसोबासमा रहेका ५०/६० घरघुरीलाई स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । "औद्योगिक क्षेत्र बनाउने निर्णय पहिल्यै भए पनि जग्गा प्राप्तिको विषय टुङ्गो लागेको थिएन, अब भने काम अघि बढ्ने विश्वास बढेको छ", वडाध्यक्ष अधिकारीले भन्नुभयो । नवलपुरको कावासोती नगरपालिकाका प्रमुख विष्णुप्रसाद भुसालले घोषणा भएको वर्षौं बितिसक्दा पनि औद्योगिक क्षेत्र निर्माणको काम अघि नबढ्नु दुःखद् रहेको बताउनुभयो । "प्रदेश सरकारले केही गर्दै होला, यो विषयमा नगरपालिकालाई केही जानकारी आएको छैन, खासै समन्वय पनि हुँदैन", उहाँले भन्नुभयो ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# ठेकेदार खोज्ने तरिका

पर्वत जिल्लाको जलजला गाउँपालिका-७ धाइरीङका बासिन्दाहरुले सडक अलपत्र बनाउने निर्माण व्यवसायीको तस्बिरसहितको ब्यानर टाँसेर बिरोध जनाएका छन् । मिलनचोक-सल्यान-घाहाखेत-धारापानी-ठोट्नेरी जोड्ने सडक आयोजनाको ठेकेदार कम्पनी हिमदुङ एण्ड थोकर प्रालीका सञ्चालक बहादुर सिंह लामाको तस्विर सहितको ब्यानर राखेर बिरोध गरेका छन । नुवाकोटको क्षेत्र (ख)बाट निर्वाचित नेपाली कांग्रेसको बाग्मती प्रदेशसभाको संसदीय दलको नेता लामा सञ्चालक रहेको सो कम्पनीले वि.स. २०७६ मंसिर ६ गते २८ करोड १३ लाख रुपैयाँमा १० किलोमिटर सडक स्तरोन्नति र कालोपत्र गर्ने ठेक्का सम्झौता गरेको थियो । गण्डकी प्रदेशको एक निर्वाचन क्षेत्र एक सडक आयोजना अन्तर्गतको सो सडक वि.स. २०७८ मंसिर ५ गते निर्माण सम्पन्न गर्ने सम्झौता थियो । आगामी असार सम्मको म्याद भएपनि अहिलेसम्म काम सुरु भएको छैन । पछिल्लो १८ महिनायता निर्माण कार्य ठप्प बनेको सडक निर्माणको काम अघि बढाउन पूर्वाधार विकास कार्यालय र भौतिक योजना तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराएपनि सुनुवाइ नभएपछि आन्दोलनमा उत्रिनु परेको स्थानीयवासीको भनाइ छ ।

'ठेकेदार हराएको सूचना' लेखेर म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गले जोड्ने बेनी-मालढुङ्गा सडकको छेउमा राखिएको कालो ब्यानरमा सञ्चालक लामा र सडक समयमै सम्पन्न नहुदाँको अवस्था झल्काउने तस्विर राखिएको छ । यस्तो समस्या गण्डकी प्रदेशमा मात्र होइन देशभरि छाठेकेदारहरूले समयमै काम नगरिदिदा जनताले सास्ती व्यहोर्नुपरेको छाराजनीतिक दलको नेता बनेर काम नगर्ने ठेकेदारले आयोजना प्रमुख देखि स्थानीय नेताहरूलाई प्रभावमा राख्ने गरेका छन । हिमदुङ एण्ड थोकर निर्माण कम्पनीका मालिक मिलनचोक-सल्यान-घाखेत-धारापानी-ठोट्नेरी सम्मको मोटरबाटोका ठेकेदार बहादुर सिंह लामा विगत १८ महिना देखि बाटो निर्माणको काम अलपत्र पारी हराएको हुँदा खोजी कार्य गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं,' मालढुङ्गा-बेनी सडक आवत जावत गर्नेले सहजै देख्नेगरी रुखमा झुण्डाएर राखिएको ब्यानरमा भनिएको छ । सम्बद्ध कार्यालय, व्यवसायी, प्रशासन, जनप्रतिनिधि र मन्त्रालयमा पुगेर दवाव दिनुका साथै छलफल भएपनि काम अघि नबढेपछि बाध्य भएर सांसद जस्तो पदमा पुगेका व्यक्तिको तस्विर सार्वजनिक गर्नुपरेको स्थानीयको आँटलाई मान्नुपर्छ । स्थानीय प्रतिनिधि र कम्पनीका सञ्चालक तथा सम्बद्ध कार्यालयको लापरबाही र बेवास्ताका कारण अलपत्र बनेको सडक निर्माणले निरन्तरता नपाए चरणवद्ध आन्दोलनमा उत्रने स्थानीयको तयारी छ। नगरकोटको सडक नबनाउने ठेकेदार शारदा प्रसाद अधिकारीका विरुद्ध जनताले यस्तै तरिकाले विरोध जनाएका थिए ।

माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डका घरभेटी अधिकारीले स्थानीयवासीको विरोधपछि वल्ल काम गरेका थिए। म्यादीको बेनी दरवाङ सडकमा पनि ठेकेदार जीप छिरिङ लामाको तस्बिर टाँगेर विरोध पछि काम शुरु भएको थियौ । यो अभियान चलाउने अवस्था आउनु ठेकेदारको हेपाह प्रबृत्ति हो। सडक अधुरो हुँदा आवत जावतमा सास्ती, दुर्घटनाको जोखिम, पहिरो र भुक्षयको समस्या बढेको छ । सडक निर्माणलाई अधकल्चो बनाएर छाडिएकाले बस्तीमा पहिरोको जोखिम उत्तिकै छा स्थानीय जनप्रतिनिधि, संबद्ध कार्यालय र नागरिक खबरदारी भएमा राजनीतिक आडमा ठेक्का लिएर काम नगर्नेलाई काम गर्न बाध्य पार्न सकिनेछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ग्रामीण क्षेत्रमा विद्युतीकरणका लागि सवस्टेशन निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, २२ फागुन

तनहुँका ग्रामीण क्षेत्रमा विद्युतीकरणका लागि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा सवस्टेशननिर्माणअघिबढाइएको छ। विद्युत् सेवा नपुगेका ग्रामीण क्षेत्रमा विद्युतीकरणका लागि आयोजनामार्फत काम अगाडि बढाइएको हो ।

विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत् तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन इष्ट इन्डिया उद्योग/वाइबा इन्फ्राटेक जेभीसँग सम्झौता भएको थियो।

तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठका अनुसार २०७५ साल मङ्सिर १३ मा कम्पनीसँग अमेरिकी डलर ६१ लाख ५३ हजार दुई सय सात रू १४ करोड ८८ लाख ३१ हजार नौ सय ६७ मा खरिद सम्झौता भएको थियो ।

निर्माण व्यवसायीले विद्युतीकरण नभएका क्षेत्रको पहिचान गरी सर्भे तथा डिजाइन सम्पन्न गरी ३३/११ केभी तथा एलटी लाइन निर्माण गरिरहेको छ । घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा सवस्टेशन निर्माण सम्पन्न भएको श्रेष्ठले बताउनुभयो ।

घिरिङ सवस्टेशनमा छ/आठ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ। स्थानीय तहमा विद्युत् आपूर्तिका लागि सवस्टेशनबाट ११ केभीका तीन वटा फिडर लाइन निकालिएको छ । कुल ११ केभीको एउटा फिडर लाइन जगेडामा राखिएको छ । सवस्टेशनमार्फत तनहुँको भिमाद नगरपालिका तथा घिरिङ गाउँपालिको सम्पूर्ण क्षेत्र र ऋषिङ गाउँपालिका तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को केही भागमा विद्युत् आपूर्ति गरिएको छ।

बन्दीपुर गाउँपालिका-६ साराङघाटमा निर्माण गरिएको सवस्टेशनबाट आँबुखैरेनी, बन्दीपुर र देवघाट गाउँपालिकामा विद्युत् आपूर्ति गरिएको छ । यसबाट त्यस क्षेत्रका उपभोक्ताले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति पाएका छन्। आँबुखैरेनी गाउँपालिकास्थित मार्कीचोक सवस्टेशनदेखिबन्दीपुरगाउँपालिकाको डुम्रेसम्मको ३३ केभी प्रसारण लाइनलाई ट्यापिङ गरिएको छ।

प्रसारण लाइनलाई बन्दीपुर गाउँपालिका-५ याम्पाफाँटमा ट्यापिङ गरी सराङघाट सवस्टेशनसम्म पुऱ्याउने १९ किलोमिटर लामो ३३ केभी लाइन पनि निर्माण सम्पन्न भएको छ। यसमध्ये एक हजार एक सय ३० मिटर प्रसारण लाइनलाई भूमिगत गरिएको बताइएको छ।

आयोजनाअन्तर्गत तनहुँको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएको छ। ग्रामीण विद्युतीकरणअन्तर्गतका सम्पूर्ण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको श्रेष्ठले जानकारी दिनुभयो । नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा आयोजना कार्यान्वयनमा ल्याइएको हो ।

# केबलकारका लागि सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

गण्डकी प्रदेशको धार्मिक गन्तव्य बागलुङको कालिका मन्दिरदेखि भकुण्डेसम्म केबलकार निर्माणको योजना अघि सारिएको छ । बागलुङमा यसअघि बागलुङ नगरपालिका-४ कुडुलेस्थित दाबगरादेखि पञ्चकोटसम्म केबलकार लैजाने योजनाअघि सारिएको भए पनि स्थानीयको विरोधकापछि योजना अघि बढेको थिएन।

अहिले बागलुङ पर्यटन विकास समिति तथा पर्यटन अभियान्ताको पहलमा केबलकार निर्माणको सम्भाव्यता अध्ययन सुरु गरिएको हो। केबलकार सञ्चालनका लागि विस्तृत अध्ययन प्रतिवेदन डिपिआर तयार पार्नका लागि प्रारम्भिक अध्ययन थालिएको छ। कालिका मन्दिर आउने भकुण्डेसम्म लैजाने र नजिकै रहेको भैरवस्थान मन्दिरको समेत दर्शन गराउने उद्देश्यले केबलकारको अवधारण ल्याइएको बागलुङ पर्यटन विकास समितिका सचिव अर्जुन चोखालले जानकारी दिनुभयो।

"हामी प्रारम्भिक अध्ययनमै छौं, अहिले प्राविधिकले पहिलो पटक यस स्थानको सर्वे गर्नुभएको छ, धेरै हिसाबले कालिका मन्दिर नजिकैबाट भकुण्डेसम्म केबलकार निर्माण गर्न सहज देखिएको छ, जुन अध्ययनले देखाएको प्राविधिकले जनाउनुभएको छ", चोखालले भन्नुभयो । केबलकार निर्माणका लागि भकुण्डेका स्थानीय, बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समिति, बागलुङ नगरपालिका तथा पर्यटन व्यवसायीसँग पहिलो चरणमा छलफल सकारात्मक भएको कृष्ण केसीले जानकारी दिनुभयो।

भकुण्डे गाउँ घरबासका दृष्टिले चर्चित गाउँ हो जहाँ जिल्लाकै पहिलो घरबास अतिथि सत्कार घरबास स्थापना गरिएको थियो । भकुण्डे गाउँको बराह ताल, हीरा ताल, मुलाबारी भ्यू टावर, सास्कृतिक सङ्ग्रहालय र यहाँको घरबासमा पाइने स्थानीय परिकारको स्वादका कारण यहाँ पुग्ने पर्यटकको सङ्ख्या बढ्दो भएकाले केबलकारको अवधारणा ल्याइएको छ। केबलकार निर्माणमा तत्काल डिपिआर बनाएर प्रक्रिया अगाडि बढाउन बागलुङ नगरपालिकाले तगारुकता देखाएको भन्दै उहाँले भकुण्डेमा पर्यटकीय विकास गर्न चालु आर्थिक वर्षमा रू २० लाख बजेट विनियोजन भएको बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. १९९३/०८/१० गते

स्वर्गारोहणः वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

हाम्रा दाजु एवं शुभचिन्तक श्री उमेश (टंक) शाहीको ममतामयी पुजनीय आमा एवम् इन्द्रादेवी शाहीको आदरणीय सासुआमा **पूर्ण कुमारी शाही** को ८६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**प्रो कुमार के.सी**

**दुर्गा देवी सप्लायर्स**

**पोखरा १३ बाँझापाटन परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. १९९३/०८/१० गते

स्वर्गारोहणः वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

पोखरा महानगरपालिका वडा नं. १३ बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका सक्रिय सदस्य श्री उमेश (टंक) शाहीको ममतामयी पुजनीय आमा एवम् इन्द्रादेवी शाहीको आदरणीय सासुआमा, इश्वरी मल्ल, सरस्वती मल्ल, डा. कृपा शाही, ई. सन्जिव शाही, डा. दिवस शाही, ई. शिक्षा मल्ल शाही, कर्ण बहादुर मल्ल, टिका बहादुर मल्लको आमा/ सासुआमा/ हजुरमुमा **पूर्ण कुमारी शाही** को ८६ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि बैकुन्ठवासको कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | |
|---|---|
| सम्झना कार्की | रामराज सिग्देल |
| अध्यक्ष तथा | अध्यक्ष तथा |
| **बाझापाटन मिलन मार्ग महिला समूह** | **बाझापाटन मिलन मार्ग टोल विकास समिति** |



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. १९९३/०८/१० गते

स्वर्गारोहणः वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

हाम्रा शुभचिन्तक श्री उमेश (टंक) शाहीको ममतामयी पुजनीय आमा **पूर्ण कुमारी शाही** को ८६ वर्षको उमेरमा भएको असामयिक निधनको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**हिमालय अफसेट प्रेस**

**नयाँबजार-९, पोखरा**

# चैतभित्र सबै योजना सक्ने गरी सम्झौता

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

बागलुङको बडिगाड गाउँपालिकाले चालु आर्थिक वर्षको चैत महिनाभित्र सक्ने गरी ९९ दशमलव नौ प्रतिशत आयोजना सम्झौता गरेको छ। गाउँपालिकाले चालु आवका लागि छुट्याइएका कूल तीन सय ३२ योजनामध्ये तीन सय २७ वटा योजना सम्झौता गरी काम सुरु गरेको हो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले चैत मसान्तभित्र सबै योजना पूरा गर्ने गरी असोजदेखि नै आयोजना सम्झौता गरेको बताउनुभयो।

उहाँका अनुसार हालसम्म एक सय पाँच वटा योजना सम्पन्न भइ फरफारक पनि भइसकेका छन् । गाउँपालिकाले यस वर्ष सबैभन्दा बढी लगानी सडक निर्माणमा गरेको छ । अहिलेसम्म सडकले नजोडिएका गाउँमा सडक पुऱ्याउनेदेखि शैक्षिक क्षेत्रको सुधारमा जोड दिएको उहाँको भनाइ छ। "यस वर्ष समयमै योजना सम्झौता सुरु गरेकाले समयमै काम सुरु गर्न सक्यौँ", उहाँले भन्नुभयो, "साना ठूला सबै योजना अहिले निर्माणका चरणमा छन्, केही योजना सम्पन्न भइसकेका छन् ।" उहाँले अबको एक डेढ महिनामा सबै योजना सक्ने गरी काम भइरहेको बताउनुभयो। चालु आर्थिक वर्षका लागि बडिगाड गाउँपालिकाले रु ७७ करोड बजेट बिनियोजन गरेको छ।

साना तथा पालिकाका गौरवका आयोजना यस वर्ष समेटिएको भण्डारीको भनाइ छ । गाउँपालिकाले यस वर्ष सबैभन्दा बढी बजेट पुरानोगाउँ-फोर्सा सडक वडा नम्बर ८ मा रु ४० लाख र किटेनीदेखि वडा नम्बर ३ जोड्ने सडकमा रु ४५ लाख विनियोजन गरेको उहाँले जानकारी दिनुभयो । गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले नागरिकका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर योजना बनाएको बताउनुभयो। यस वर्ष शिक्षा, स्वास्थ्य, खानेपानी र मोटरबाटोलाई प्राथमिकतामा राखेको उहाँको भनाइ छ । चालु आवको हालसम्म मोटरबाटो नपुगेको वडा नम्बर ८ को फोर्सा गाउँमा सडक पुऱ्याउने गरी काम अघि बढेको उहाँले बताउनुभयो । "नागरिकका पनि कैयन समस्या छन्, ती समस्यालाई क्रमशः समाधान गर्दै जानेछौं, अहिलेसम्म केही गाउँ बस्तीहरू सडक सञ्जालले जोडिएका छैनन्", अध्यक्ष अधिकारीले भन्नुभयो।

# नारी दिवसमा व्यासगुफादेखि तनहुँसुरसम्म महिला दौड

**पोखरापत्र संवाददाता**
दमौली, २२ फागुन

अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा व्यास नगरपालिकाको आयोजनामा महिला हाफ म्याराथन प्रतियोगिता हुने भएको छ । खेलकुदको माध्यमबाट पर्यटकीय ठाउँको प्रचारप्रसार गर्ने उद्देश्यसहित व्यास नगरपालिका-३ व्यासगुफादेखिव्यासनगरपालिका-११ तनहुँसुरसम्म फागुन २४ गते महिला हाफ म्याराथन प्रतियोगिता हुन लागेको हो।

प्रतियोगिता सञ्चालनका लागि उपप्रमुख इन्दिरा दरैको अध्यक्षतामा आयोजक समिति गठन गरिएको छ। प्रतियोगिताका लागि आवश्यक तयारी पूरा भएको उहाँले बताउनुभयो । गत वर्ष आयोजित महिला म्याराथनमा ४४ धावक सहभागी थिए।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९३/०८/१० गते

स्वर्गारोहणः
वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

यस सत्य सेवा आमा समुहकी सदस्य ईन्द्र देवी शाहीकी सासुआमा **पूर्ण कुमारी शाही** को ८६ वर्षको उमेरमा भएको असामयिक निधनले यस समुह अत्यन्तै मर्माहत र स्तब्ध भएको छ। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
**नागेश्वर भजन कृतन समुह परिवार**

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
**सत्य सेवा आमा समुह परिवार**

पोखरा महानगरपालिका–१३ बाँझापाटन



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९३/०८/१० गते

स्वर्गारोहणः
वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

श्री जनकल्याण समिति पोखरा–१३ का आजीवन सदस्यद्धय सामाजिक क्षेत्रका सालिन व्यक्तित्व श्री उमेश (टंक) शाहीको मायाँ ममता र स्नेहीकी खानी प्रातः पुजनीय माता एवं ईन्द्र देवी शाहीकी आदरणीय सासुआमा **पूर्ण कुमारी शाही** को ८६ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामीहरु भावविह्ल भएका छौं। यो दुखद घडीमा दिवंगत आत्माको चिरशान्ति र बैंकुण्ठवासको कामना गर्दै आज १३औं दिनको पुण्य तिथिमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धकोस्थान**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९३/०८/१० गते

स्वर्गारोहणः
वि.स. २०७९/११/११ गते

**स्वः पूर्ण कुमारी शाही**

हाम्रा आदरणीय मुमा/जिजुमुमा **पूर्ण कुमारी शाहीको** को ८६ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
उमेश शाही (टंक)/ इन्द्रकुमारी शाही

**छोरी/ज्वाँइहरूः**
ईश्वरी मल्ल/ कर्णबहादुर मल्ल
सरस्वती मल्ल/ टिकाबहादुर मल्ल

**नाति/नातिनीबुहारीहरूः**
डा. दिवस शाही/ ई. शिक्षा मल्ल
विनय मल्ल/ सिम्रन शाही

**नातिनी/नातिनी ज्वाइँः**
डा. कृपा शाही/ ई. संजिव शाह

**नातिनीहरूः**
विनिता मल्ल
सांक्षी मल्ल

**पनातिः**
अभियान शाह

**पनातिनीः**
अमाइराजुन शाही

**एवम् सम्पूर्ण शाही परिवार**
**पोखरा-१३, बाँझापाटन**

पूनश्चः मिति २०७९ फागुन २३ गते मंगलबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ९ः ०० बजेदेखि स्थानः पोखरा-१३, बाँझापाटन